# सामुदायिक समाज उत्थान केन्द्र (सि.एस.डि.सी.)

## ईनरुवा ३, सुनसरी

**स्थानिय तहहरुमा खानेपानी सरसफाइ तथा स्वच्छता संग सम्बन्धित ऐन, नियमावली, निति तथा कार्यविधिहरु निर्माणमा सहजीकरण गर्न परामर्शदाता सेवाका लागि**

# प्रस्तावना पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०। ०५। २६ गते ।**

सुनसरी जिल्लाका ६ वटा स्थानिय तहहरु (बर्जु तथा गढी गाउपालिका तथा इनरुवा, दुहवी, रामधुनी र बराहक्षेत्र नगरपालिका) मा खानेपानी सरसफाइ तथा स्वच्छता संग सम्बन्धित केही ऐन, नियमावली, निति तथा कार्यविधीहरु (स्थानिय तहहरुको आवश्यकता अनुसार) तयार पार्न सहजीकरण तथा त्यसता ऐन, नियमावलीहरु पालिका तहबाट पारित गराइ लागु गराउन दक्ष परामर्शदाताको आवश्यकता भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेको ईच्छुक ब्यक्तिले उल्लेखित शर्त अनुसार सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र प्राबिधिक तथा आर्थिक प्रश्ताव पेश गर्नुहुन अनुरोध छ ।

**<u>शर्त तथा योग्यताहरु</u>**

१, पालिकाहरुको खानेपानी सरसफाइ तथा स्वच्छता ऐन, नियमावली नीति तथा कार्यविधिहरु संघ तथा प्रदेशको खानेपानी तथा सरसफाइ ऐनको मर्म तथा भावना अनुकुल सरकारले तोकेको ऐन निर्माणको कार्यविधि अनुरुप सेवा प्रदान गर्न सक्ने क्षमता भएको । तथा यस्तै प्रकृतिको काम अन्य कुनै स्थानिय तहमा सम्मन्न गरेको अनुभव भएको ।

२, प्रस्तावनाका साथ ब्यक्तिको पहिचान प्रमाण पत्र ।

३, स्थायी लेखा नम्बर (PAN) /(VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

४, आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

५, खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गरेको अनुभवको विवरण ।

६, आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टा छुट्टै शिलबन्दी गरि पेश गर्नु पर्नेछ ।

७, रित पुर्वक पेश नभएका प्रस्तावना उपर कारबाही गरिने छैन ।

८, प्रस्ताव पेश गर्न आवश्यक पर्ने ToR संस्थाको आधिकारीक इमेल info@csdc.org.np मा email गरेर माग गर्न सक्नु हुनेछ वा संस्थाको वेब पेज www.csdc.org.np बाट डाउनलोड गर्न सकिनेछ ।

९, प्रस्तावपत्र कार्यलय समयभित्र सि.एस.डि.सी.को कार्यालय इनरुवा ३ पेश गर्न सकिनेछ ।